नेपाल सरकार
# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७३/०७४
चलानी .नः १०८८

मितिः-२०७३।०७।११

विषयः-मतदाता नामावली संकलन तथा अध्यावधिक कार्यक्रम(दावी विरोध समेत),२०७३ संचालनको लागि आवश्यक सहयोग सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय, (सबै)
श्री महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका (सबै)

उपरोक्त विषयमा निर्वाचन आयोग नेपालको च.नं. २०७३।०७४/ नामावली/२.१मिति २०७३।७।११ को प्राप्त पत्रवाट मतदाता नामावली संकलन तथा अध्यावधिक कार्यक्रम मतदाता नामावली संकलन तथा अध्यावधिक कार्यक्रम(दावी विरोध समेत),२०७३ संचालनको लागि आवश्यक सहयोग सम्बन्धमा भनि लेखि आएकोले सो अनुसार गर्नु गराउनु हुन यस मन्त्रालयको मिति २०७३।७।१२ को निर्णयानुसार अनुरोध छ । साथै उक्त पत्रको छाया प्रति यसै साथ संलग्न छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थ :-
श्री सूचना तथा विधुतिय शासन शाखा : Website मा राखिदिनु हुन ।

Scanned by CamScanner

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

.नं. / Reß२०७३/०७४/नामावली/२.१/

सामान्य प्रशासन महाशाखा
दर्ता :- ८६५
मिति :- ७।१२

मिति २०७३/०७/११

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार काठमाडौ ।

विषयः **मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम (दाबी विरोध समेत), २०७३ संचालनको लागि आवश्यक सहयोग सम्बन्धमा ।**

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको निर्वाचनको मिति घोषणा हुने अवस्था रहेको तथा दोस्रो संविधान सभा निर्वाचन २०७० पछि मतदाता नामावलीमा दावी विरोध समेतको प्रक्रिया पुरागरी अन्तिम मतदाता नामावली तयार नभएको पृष्ठभूमीमा फोटोसहितको मतदाता नामावलीमा नामदर्ता हुन छुट भएका तथा उमेर पुरा भई मतदाता हुन योग्य नेपाली नागरिकहरुको नामावली संकलन गर्ने तथा दर्ता भएका मतदाता नामावलीमा रहेका त्रुटीहरु सच्याउने, दावी बिरोध सहित अद्यावधिक गर्नुपर्ने विवरणहरु अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि "मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम (दावी विरोध समेत) एवं खर्चको मापदण्ड, २०७३" मिति २०७३/०६/२० मा निर्वाचन आयोगबाट स्वीकृत भएको छ । यसको लागि पहिलो चरणमा हिमाली तथा दुर्गम २१ वटा जिल्लामा (**ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, सिन्धुपाल्चोक, धादिङ्ग, मनाङ्ग, गोरखा, मुस्ताङ्ग, बाग्लुङ्ग, रुकुम, हुम्ला, जुम्ला, डोल्पा, कालिकोट, मुगु, जाजरकोट, बझाङ्ग, बाजुरा र दार्चुला**) यही २०७३ कार्तिक २६ गतेदेखि र दोस्रो चरणमा बांकी ५४ जिल्लामा मंसिरको दोस्रो हप्तादेखि कार्यक्रम संचालन हुन गइरहेको छ । २०७३ आश्विन मसान्तसम्म १८ वर्ष पूरा भएका मतदाताको नाम संकलन गरि दावी विरोध प्रकिया पूरा गरी अन्तिम मतदाता नामावली तयार गर्ने उद्धेश्यका साथ ७५ वटै जिल्लाका सबै गांउ विकास समिति/नगरपालिकाका वडाहरु गरी जम्मा ६२१० मतदाता दर्तास्थलमा टोली खटाई मतदाता नामावली संकलन तथा अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम संचालन गर्ने निर्वाचन आयोगबाट निर्णय समेत भएको छ ।

अतः उपरोक्त कार्यका लागि तहां मन्त्रालयबाट मातहतका निकायका (नगरपालिका वडा सचिव /गाविसका सचिव लगायतका) कर्मचारी समेत परिचालन गरिने भएको हुंदा कार्यक्रम संचालन अवधिभर आवश्यक सहयोगका लागि अनुरोध छ ।

(सूर्य प्रसाद शर्मा)
सहसचिव

Scanned by CamScanner